# गण्डकी प्रदेश युवा सम्मेलन २०८३ को घोषणापत्र

*(अधिकार, सुझाव र सामूहिक प्रतिबद्धताको साझा मार्गचित्र)*

हामी गण्डकी प्रदेशका ११ वटै जिल्ला (पोखरा, कास्कीदेखि मुस्ताङ, मनाङ, गोरखा, बाग्लुङ, पर्वत, म्याग्दी, स्याङ्जा, तनहुँ, लमजुङ र नवलपुर) बाट सहभागी युवाहरू सामाजिक रूपान्तरण, दिगो विकास र प्रादेशिक नवनिर्माणको अभियानमा युवा नै मुख्य संवाहक भएको आत्मसात् गर्दै, गैरसरकारी संस्था महासंघ नेपाल र युवा अभियानको संयुक्त आयोजनामा मिति २०८३ असार ५ र ६ गते प्रादेशिक राजधानी पोखरामा भेला भई विभिन्न विषयमा वृहत छलफल गरी साझा घोषणापत्र जारी गर्दछौँ। हामी केवल अधिकारका लागि माग मात्र गरिरहेका छैनौँ, बरु प्रदेशको भौगोलिक संवेदनशीलता र सम्भावनालाई बुझ्दै एक जिम्मेवार नागरिकका रूपमा आफ्नो दायित्व र ठोस सुझावहरू समेत राज्य, नागरिक समाज र निजी क्षेत्रसामु प्रस्तुत गरिरहेका छौँ।

## १. डिजिटल सुरक्षा, प्रविधि र नवप्रवर्तन :

**माग :** अनलाइन माध्यममा युवाहरूको समतामूलक पहुँच, सुरक्षित उपस्थिति र अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित गर्न प्रादेशिक सूचना प्रविधि नीति परिमार्जन गरी 'डिजिटल अधिकार तथा गोपनीयता सम्बन्धी ऐन' तर्जुमा गरियोस्। सामाजिक सञ्जाललाई मर्यादित र सुरक्षित बनाउन उपयुक्त कानुनी संयन्त्र निर्माण गरियोस्।

**सुझाव :** मनाङ, मुस्ताङ र गोरखाका विकट हिमाली क्षेत्रदेखि सबै गाउँपालिकासम्म उच्च गतिको इन्टरनेट पुर्‍याइयोस्। सबै जिल्लाहरूमा विद्यालय तहदेखि नै आर्टिफिसियल इन्टेलिजेन्स (AI) को नैतिक प्रयोग, डिजिटल मार्केटिङ र डिजिटल साक्षरतालाई पाठ्यक्रममा अनिवार्य समावेश गरी डिजिटल पुर्वाधार तयार गर्दै युवालाई उद्यम र डिजिटल रोजगारीसँग जोडिने वातावरण निर्माण गरियोस्।

**प्रतिबद्धता :** हामी प्रविधिको प्रयोग गर्दा जिम्मेवार बन्नेछौँ र सुरक्षित डिजिटल स्पेस निर्माणका लागि 'पियर एजुकेसन' (Peer Education) मार्फत समुदायस्तरमा सचेतना फैलाउनेछौँ।

## २. गुणस्तरीय शिक्षा र समावेशी पहुँच :

**माग :** नेपालको संविधानको धारा ३१ को मर्म अनुरूप माध्यमिक तह (कक्षा १२) सम्मको शिक्षालाई पूर्णतः निःशुल्क, प्रविधिमैत्री र व्यावसायिक बनाउँदै अनिवार्य कार्यान्वयन गरियोस्। दक्ष र प्राविधिक मानव पूँजीलाई सूचीकृत (Roster) गरी प्रदेशका गौरवका योजनाहरूमा परिचालन गर्ने व्यवस्था मिलाइयोस्।

**सुझाव :** जीवन उपयोगी तथा सीपमूलक शिक्षा नीति लागू गरी 'बुक-फ्री फ्राईडे' जस्ता सिर्जनशील कार्यक्रमलाई प्रदेशका सबै विद्यालयहरूमा विस्तार गरियोस्। पोखरा विश्वविद्यालय र प्रादेशिक प्राविधिक शिक्षालयहरूलाई अनुसन्धान र नवप्रवर्तनको केन्द्र बनाइयोस्।

**प्रतिबद्धता :** गण्डकी प्रदेशका सीमान्तकृत पहिचान बोकेका दुरा, बारम, भोटे, कुमाल, चेपाङ, गन्धर्व, वादी लगाएत दलित जाति तथा अपाङ्गता भएका र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका बालबालिकाहरूलाई विद्यालयसम्म ल्याउन, टिकाउन र शैक्षिक निरन्तरताका लागि हामीले समुदायमा स्वयंसेवा र मेन्टरिङ गर्नेछौँ। साथै बालविवाह अन्य गर्नका लागि हाम्रो प्रतिवद्धता सहित हामी पनि गर्दैनौँ र गर्न पनि दिँनेछैनौँ ।

## ३. बृहत् स्वास्थ्य, मानसिक स्वास्थ्य :

**माग :** बढ्दो युवा डिप्रेसन र सामाजिक उथलपुथललाई सम्बोधन गर्न प्रत्येक स्थानीय तह (पालिकास्तर) मा कम्तीमा एक जना अनुमतिप्राप्त मनोपरामर्शदाताको व्यवस्था गरियोस् र कुल प्रादेशिक स्वास्थ्य बजेटको कम्तीमा ५ प्रतिशत हिस्सा मानसिक स्वास्थ्यका क्षेत्रमा विनियोजन गरियोस्।

**सुझाव :** गण्डकीका सबै माध्यमिक विद्यालय र स्वास्थ्य चौकीहरूमा स्थानीय रूपमा उत्पादित गुणस्तरीय स्यानिटरी प्याडहरूको निःशुल्क वितरण गरियोस्। प्रजनन स्वास्थ्य अधिकारको पूर्ण सुनिश्चितता र युवाहरूलाई लागुऔषध दुर्व्यसनबाट जोगाउन जिल्लागत रूपमा सचेतना तथा पुनस्थापन केन्द्रहरू सुदृढ गरियोस्।

**प्रतिबद्धता :** मानसिक स्वास्थ्यसँग जोडिएका सामाजिक लाञ्छना (Stigma) विरुद्ध हामी डटेर वकालत गर्नेछौँ र समुदायमा सचेतना कार्यशालाहरू सञ्चालन गर्दै कुलत विरुद्धको राष्ट्रिय अभियानमा अग्रसर हुनेछौँ।

## ४. पर्यटन, हरित उद्यमशीलता र स्वरोजगारी :

**माग :** पर्यटनको राजधानी पोखरा र समग्र गण्डकीको विकासका लागि युवा उद्यमीहरूलाई व्यवसाय दर्तामा विशेष सहुलियत, सुरुवाती ३ वर्षसम्म शतप्रतिशत कर छुट र युवा उद्यमशिलता कोष बनाइ बिनाधितो सुलभ ऋणको प्रभावकारी कार्यान्वयन गरियोस्। विदेशबाट फर्किएका युवाहरूको सीप, पूँजी र रेमिट्यान्सलाई योजनावद्ध उत्पादनमूलक र पूर्वाधार क्षेत्रमा लगानी गर्ने वातावरण बनाइयोस्।

**सुझाव :** प्रधानमन्त्री र मुख्यमन्त्री रोजगार कार्यक्रमलाई परिमार्जन गरी १६ देखि ३५ वर्षका युवाका लागि पढ्दै कमाउँदै, सशुल्क इन्टर्नसिप, घण्टाका आधारमा पारिश्रमिक पाउने 'Hourly-pay' जस्ता मोडल विकास

गरियोस्। अन्नपूर्ण सर्किट, धवलागिरी, मनास्लु, मुस्ताङ, बन्दीपुर, घान्द्रुक जस्ता प्रमुख पर्यटकीय क्षेत्रमा 'पर्या-पर्यटन' (Eco-tourism), र जलयात्रा (Rafting/कयाकिङ) रकक्लाइमिङ जस्ता साहसिक पर्यटनमा युवा व्यवसायीहरूको सहभागिता बढाउन प्रोत्साहन नीति ल्याइयोस्। मौसमी रोजगारीको अवसरलाइ ख्याल गर्दै विश्वविद्यालयले आफ्ना विदाका कार्यक्रम तय गर्नका लागि सुझाव छ ।

**प्रतिबद्धता** : हामी स्थानीय रैथाने र स्वदेशी उत्पादनको प्रवर्द्धन गर्नेछौँ। गण्डकीको पर्यटन प्रवर्द्धन, अतिथि सत्कार (Hospitality) र कृषि-पर्यटनमा आधारित नवप्रवर्तनकारी स्टार्टअपहरू सुरु गरी स्वरोजगारी सिर्जनामा जोड दिनेछौँ।

## ५. जलवायु न्याय, जैविक विविधता र विपद् व्यवस्थापन :

**माग** : हिमाली क्षेत्रमा तीव्र गतिमा भइरहेको हिमपहिरो, जलवायु परिवर्तन र मध्यपहाडी क्षेत्रमा आउने बाढी-पहिरो (जस्तै सेती र कालीगण्डकी तटीय क्षेत्र) का कारण विस्थापित भएका युवा, बालबालिका र महिलाका लागि 'आपतकालीन शिक्षा, राहत र स्वास्थ्य संरचना' ७२ घण्टाभित्र पुग्ने द्रुत प्रादेशिक संयन्त्र निर्माण गरियोस्।

**सुझाव** : फोहरमैला व्यवस्थापनका लागि '३आर' (Reduce, Reuse, Recycle) नीतिलाई स्थानीय तहमा अनिवार्य गरियोस्। पोखरा र अन्य जिल्लाका प्रमुख बजार क्षेत्रमा विद्युतीय सवारी साधन, वातावरणमैत्री सार्वजनिक यातायात र साइकल लेन जस्ता हरित पूर्वाधारलाई उच्च प्राथमिकता दिइयोस्। विपद् पूर्वतयारी र प्रतिकार्यमा स्थानीय युवाहरूलाई नेतृत्वदायी भूमिका दिइयोस्।

**प्रतिबद्धता** : हामी समुदायस्तरमा बृहत् वृक्षारोपण, फेवा, बेगनास र रुपा ताल लगायतका जलाधार क्षेत्रको संरक्षण र अन्य जिल्लाहरूमा रहेका तालहरूको (मुस्ताङको ढुम्बा, मनाङको तिलिचो र गंगपूर्ण, पञ्चासेको पञ्चकोशी आदी) सरसफाइ अभियानको नेतृत्व गर्नेछौँ। विपद्को समयमा स्वतःस्फूर्त रूपमा उद्धार र स्वयंसेवामा खटिनेछौँ। हामीले प्रदेशभर युवा सञ्जाल मार्फत जलवायु न्यायको लागि सचेतना, क्षमता विकास र पैरवी गर्नेछौँ ।

## ६. युवा सहभागिता, समावेशी सुशासन र न्याय :

**माग** : गण्डकी प्रदेशका सबै स्थानीय, प्रादेशिक र संघीय निर्णय प्रक्रिया एवं योजना तर्जुमा समितिहरूमा युवाहरूको कम्तीमा २० प्रतिशत अर्थपूर्ण र समावेशी प्रतिनिधित्व सुनिश्चित गरियोस्। संघात्मक ढाँचामा युवा परिषद बनाइ युवाको सर्वाङगिण विकासका लागि पहल गरियोस । संवैधानिक र प्रादेशिक निकायमा

योग्यताप्रणाली (Meritocracy) लागू गरी खुल्ला प्रतिस्पर्धाबाट युवाको प्रतिनिधित्व गराइयोस्। न्याय सम्पादनलाई छिटो-छरितो बनाउन अदालतमा दर्ता भएका मुद्दाहरू १ वर्षभित्र फरफारक गर्ने व्यवस्था मिलाइयोस्। सबै क्षेत्र जाती, भूगोल, वर्ग लिंग, उमेर समूह र शारिरिक अवस्था व्यक्तिहरूको पहिचान र अधिकार सुनिश्चित गरियोस । यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदाय भित्रका अन्तरलिंगी लगाएत सबै समुहको पहिचान र अधिकारलाइ पूर्णरूपमा सुनिश्चित गरियोस ।

**सुझाव :** प्रदेशको बजेट र योजना तर्जुमामा पूर्ण पारदर्शिता कायम गर्न 'युवा सूचना पोर्टल' (Youth Information Portal) र खुला सरकारी तथ्याङ्क (Open Data) को डिजिटल संयन्त्र निर्माण गरियोस्। सबै तहमा डिजिटल सेवा विस्तार गरि द्रुत गतिको सुशासान युक्त सेवा प्रवाह कायम गरियोस ।

**प्रतिबद्धता :** हामी सरकारी योजनाहरूको नागरिक अनुगमन (Youth-led Monitoring) गर्नेछौँ, वडास्तरका सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षणहरूमा सक्रिय सहभागी भई भ्रष्टाचारमुक्त सुशासनयुक्त समाज निर्माणमा रचनात्मक सहकार्य गर्नेछौँ।

यो सम्मेलन गण्डकी प्रदेशका युवाहरूको साझा आवाजलाई बुलन्द गर्दै एक जिम्मेवार, प्रविधिमैत्री, उद्यमशील र लोकतान्त्रिक समृद्ध समाज निर्माणका लागि पूर्ण प्रतिबद्ध छ। हामी आजको युवा पुस्ता नेपाल र गण्डकी प्रदेशको समृद्धिको 'सह-निर्माता' हौँ। यस साझा घोषणापत्रमा उल्लखित बुँदाहरूको प्रभावकारी कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय सरकारका साथै नागरिक समाज र निजी क्षेत्रसँग सहकार्यको हार्दिक अपेक्षा गर्दछौँ।

आयोजक तथा सहभागी:

गैरसरकारी संस्था महासंघ नेपाल
युवा अभियान
गण्डकी प्रदेशका ११ वटै जिल्लाका युवा प्रतिनिधिहरू

घोषणा जारी गरिएको स्थान र मिति:
पोखरा, गण्डकी प्रदेश
मिति: २०८३ असार ७ गते

**१३ सदस्यीय युवा नागरीक संगठन सञ्जाल कार्यसमितिः**

अध्यक्ष यमकला पौडेल
सहअध्यक्षः युवराज पौडेल
सचिव जमुना शर्मा
सदस्यः जयराम थापा, कृतन गोतम, नविना परियार, अनिता लुइटेल, प्रतिष्ठा सुवेदी, तासी गुरूङ, अनिल बञ्जरा, प्रदिप गुरूङ, कमल कञ्चन कार्की, नमुना गिरी